## धर्मदेवी नगरपालिका, सङ्खुवासभा

# स्थानीय राजपत्र

खण्डः ७ सङ्ख्याः ५ मितिः २०८२/१०/२५

# भाग – २

## धर्मदेवी नगरपालिका, सङ्खुवासभा

## एम्बुलेन्स सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२

# एम्बुलेन्स सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८२/१०/२३**

**प्रस्तावना :** नगरपालिका भित्र खासगरी स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेको नगरवासीलाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच पुऱ्याउनका लागि सहयोग हुने गरी एम्बुलेन्स सेवा सञ्चालनलाई पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी कार्यपालिकाको निर्णयानुसार देहायको कार्यविधि जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम "एम्बुलेन्स सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "एम्बुलेन्स" भन्नाले प्रचलित कानुन बमोजिम स्वीकृति प्राप्त गरी विरामीको आपतकालीन तथा गैर आपतकालीन ओसारपसारका लागि प्रयोग हुने सवारी साधन सम्झनुपर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक तथा आवश्यक स्वास्थ्यकर्मीलाई समेत जनाउँछ ।

(ख) "उप–प्रमुख" भन्नाले धर्मदेवी नगरपालिकाका उपप्रमुखलाई जनाउँछ।

(ग) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनुपर्छ।

(घ) "कार्यपालिका" भन्नाले धर्मदेवी नगरपालिकाको नगर कार्यपालिकालाई बुझाउँछ।

(ङ) "चालक" भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनुपर्छ।

(च) "नगरपालिका" भन्नाले धर्मदेवी नगरपालिकालाई सम्झनुपर्छ।

(छ) "सेवा शुल्क" भन्नाले यस कार्यविधि बमोजिम नगर कार्यपालिबाबाट स्वीकृत एम्बुलेन्स सेवा प्रयोग गरे बापत सेवाग्राहीले बुझाउनुपर्ने शुल्क सम्झनुपर्छ ।

(ज) "समिति" भन्नाले दफा ८ बमोजिमको समिति सम्झनुपर्छ।

(झ) "सेवा" भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पूर्ण सेवा सम्झनुपर्छ।

३. **उद्देश्य :** (१) यस कार्यविधिको उद्देश्य नगरपालिका क्षेत्रभित्र तथा आवश्यक परे नजिकका स्थानीय तहका नागरिकलाई स्वास्थ्य समस्या उत्पन्न भएको अवस्थामा अस्पताल वा स्वास्थ्य संस्था सम्म सुरक्षित, भरपर्दो, सुलभ र प्रभावकारी एम्बुलेन्स सेवा उपलब्ध गराउनु हो।

## परिच्छेद-२

## एम्बुलेन्स सञ्चालन विधि तथा संस्थागत व्यवस्था

४. **एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन र कोष सम्बन्धी व्यवस्था** : (१) यस कार्यविधि बमोजिम नगरपालिकाले एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन गर्दा देहायका विषयहरु सुनिश्चित भएको हुनुपर्नेछ :-

(क) चौबिसै घण्टा खटिन चालक दुई जना

(ख) वार्षिक रुपमा मर्मत सम्भार तथा इन्धनको व्यवस्था भएको

(ग) टेलिफोन सहितको चालक कक्ष

(घ) जिल्ला एम्बुलेन्स समितिबाट निर्धारण भएका अन्य विषयहरु ।

(२) एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापनका लागि नगरपालिकामा एउटा छुट्टै कोष खडा गरिनेछ । सो कोषमा प्रत्येक आर्थिक वर्षको बजेट मार्फत् प्राप्त हुने रकम जम्मा गरिनेछ ।

(३) उपदफा (२) बमोजिमको कोषमा वार्षिक रुपमा नगरपालिकाले जम्मा गर्ने रकमका अतिरिक्त सेवा शुल्क, एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापनका लागि प्राप्त अनुदान, आर्थिक सहयोग लगायतका यस शीर्षकमा प्राप्त हुने सबै रकम जम्मा गरिनेछ ।

(४) उपदफा (२) बमोजिमको कोषको रकम नगरपालिकाले स्वीकृत गरेको वार्षिक कार्य योजनानुसार मात्र खर्च गरिनेछ । कोषको रकम सामान्यतयाः चालकको तलब भत्ता, इन्धन, एम्बुलेन्स मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामग्रीको खरिदमा खर्च गरिनेछ।

५. **सेवा शुल्क सम्बन्धी व्यवस्था** : (१) एम्बुलेन्स सेवा प्रयोग गरे बापत सम्बन्धित सेवाग्राहीले अनुसूची-१ मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कको रुपमा बुझाउनुपर्नेछ।

(२) सेवा शुल्क बापत लिइने रकमको असुलीका लागि नगरपालिकाले नगदी रसिद छपाई उपलब्ध गराउनेछ । नगदी रसिदको अभिलेख/नियन्त्रण खाता नगरपालिकामा राखिनेछ।

(३) सेवा दिए बापत लिइने सेवा शुल्क नगदी रसिद काटी नगरपालिकाको राजस्व शाखामा जम्मा गर्ने जिम्मेबारी सम्बन्धित चालकको हुनेछ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाको विभिन्न बर्थिङ्ग सेन्टरबाट प्रेषण भएका गर्भवती महिलालाई सम्बन्धित अस्पताल सम्म सुरक्षित रुपमा पुऱ्याउनको लागि पचास प्रतिशत छुटमा (एकतर्फी) सेवा दिन सकिनेछ ।

६. **चालक तथा एम्बुलेन्स जनशक्तिको नियुक्ति र सेवा सुविधा** : (१) एम्बुलेन्स सेवा सञ्चालनका लागि नगरपालिकाले प्रचलित कानून बमोजिम योग्यता पुगेका चालक तथा एम्बुलेन्स जनशक्ति सेवा करार मार्फत नियुक्ति गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्ति भएका जनशक्तिको काम, कर्तव्य, पारिश्रमिक तथा सेवा सुविधा प्रचलित कानून बमोजिम सेवा करारमा उल्लिखित शर्त बमोजिमको सम्झौता अनुसार हुनेछ ।

(३) उपदफा (२) बमोजिमको पारिश्रमिक तथा सेवा सुविधा यस कार्यविधिको दफा ४ को उपदफा (२) बमोजिमको कोषबाट खर्च गरिनेछ ।

तर उक्त कोषमा पर्याप्त रकम नभई पारिश्रमिक तथा सेवा सुविधा उपलब्ध गराउन सम्भव नभएमा नगर कार्यपालिकाको निर्णय अनुसार नगरपालिकाको अन्य स्रोतबाट खर्च व्यवस्थापन गर्न वाधा पर्ने छैन ।

(४) उपदफा (१) बमोजिमको जनशक्ति साविकमा यस नगरपालिकामा कार्यरत भएको भए यसै दफा बमोजिम पदपूर्ति भएको मानिनेछ ।

७. <u>चालक तथा एम्बुलेन्स जनशक्तिले पालन गर्नुपर्ने आचरण, काम, कर्तव्य र जिम्मेवारी</u> : (१) चालक तथा एम्बुलेन्स जनशक्तिले पालन गर्नुपर्ने आचरण, काम, कर्तव्य र जिम्मेवारी दफा ६ को उपदफा (२) तथा अनुसूची-२ बमोजिम हुनेछ ।

(२) चालक तथा एम्बुलेन्स जनशक्तिले अनुसूची-३ बमोजिम एम्बुलेन्स सञ्चालन अभिलेख नियमित रूपमा अद्यावधिक गरी राख्नुपर्नेछ।

(३) चालक तथा एम्बुलेन्स जनशक्तिले सेवा प्रवाहको क्रममा बिरामीको जीवन सुरक्षा र स्वास्थ्य अवस्थालाई उच्च प्राथमिकतामा राखी जिम्मेवारीपूर्वक सेवा प्रदान गर्नुपर्नेछ। सेवासँग सम्बन्धित विवरण, सेवा शुल्क असुली तथा अभिलेख व्यवस्थापनमा पारदर्शीता कायम राख्नुपर्नेछ।

(४) चालक तथा एम्बुलेन्स जनशक्तिले आफ्नो जिम्मेवारी इमान्दारिता, अनुशासन र पेशागत मर्यादा सहित निर्वाह गर्नुपर्नेछ साथै नगरपालिकाले दिएको निर्देशन तथा प्रचलित कानुनको पालना गर्नुपर्नेछ ।

(५) उपदफा (१), (२), (३) र (४) मा लेखिएको विषयका अतिरिक्त चालक तथा एम्बुलेन्स जनशक्तिले नगरपालिकाबाट तोके बमोजिम अन्य काम, कर्तव्य र जिम्मेवारी समेत पालन गर्नुपर्नेछ ।

८. <u>समिति सम्बन्धी व्यवस्था</u> : (१) एम्बुलेन्स सेवा सञ्चालन, व्यवस्थापन तथा अनुगमन गर्न देहायका बमोजिमको एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ :-

क) उपप्रमुख, नगरपालिका - संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत, नगरपालिका - सदस्य

ग) कार्यपालिकाले मनोनयन गरेको कार्यपालिकाको सदस्य मध्येबाट एक जना महिला प्रतिनिधि सहित दुई जना, नगरपालिका - सदस्य

घ) स्वास्थ्य शाखा प्रमुख, नगरपालिका - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले आवश्यकता र औचित्यको आधारमा कुनै दक्ष/विज्ञ तथा कर्मचारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले पाउने बैठक भत्ता लगायतका सेवा सुविधा नगरपालिकाको "कन्टिञ्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०८१" बमोजिम उपलब्ध गराउन सकिनेछ ।

९. <u>समितिको काम, कर्तव्य र अधिकार</u>: (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापनमा देखिएका समस्या समाधानमा सहजीकरण गर्ने ।

(ख) एम्बुलेन्स सेवा सञ्चालनमा हुन सक्ने सम्भावित दुरुपयोग रोकी सेवाको सही सदुपयोग गराउने तथा चौबिसै घण्टा एम्बुलेन्सको सुनिश्चितता गराउने ।

(ग) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे/नगरेको अनुगमन गर्ने।

(घ) चालक तथा एम्बुलेन्स जनशक्तिले पालना गर्नुपर्ने आचारसंहिता लागू गराउने । यस कार्यविधि अनुसारको आचारसंहिता पालन नगर्ने चालक तथा एम्बुलेन्स जनशक्तिलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने।

(ङ) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सोको सुनुवाई तथा व्यवस्थापन गर्ने।

(च) यस कार्यविधि बमोजिम सेवाग्राहीले बुझाउनुपर्ने तोकिए बमोजिमको सेवा शुल्क निश्चित मापदण्डको आधारमा आवश्यकता र औचित्य बमोजिम पुनरावलोकन गर्नुपर्ने अवस्था भएमा सोको अध्ययन गरी संशोधन/परिमार्जनको लागि कार्यपालिकामा पेश गर्ने ।

(छ) सरोकारवाला तथा अन्य निकायहरु बीच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने ।

(ज) यस कार्यविधिको सर्वमान्यता प्रतिकूल नहुने गरी एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने।

(झ) चालक तथा एम्बुलेन्स जनशक्तिले दफा ७ बमोजिमको जिम्मेवारी पालन गरे/नगरेको यकिन गरी आवश्यक कारवाहीको लागि नगरपालिकामा सिफारिस गर्ने ।

(२) समितिको सदस्य-सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण तयार गरी मासिक रुपमा समितिको बैठकमा पेश गर्ने।

१०. <u>एम्बुलेन्स रहने स्थान र सो को मर्मत सम्भार</u>: (१) एम्बुलेन्स नगरपालिकाको तोकेको उपयुक्त स्थानमा रहनेछ।

(२) एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी चालकको हुनेछ सो बापत लाग्ने खर्च प्रचलित कानून बमोजिम यस कार्यविधिको दफा ४ को उपदफा (२) बमोजिमको कोषबाट खर्च बेहोरिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि कानून बमोजिम नगरपालिकाको अन्य स्रोतबाट एम्बुलेन्सको नियमित मर्मत सम्भार तथा आवश्यक सामग्री खरिद गर्न सकिनेछ।

(४) सवारी साधन दर्ता, नवीकरण तथा बीमा बापत लाग्ने खर्च नगरपालिकाले बेहोर्नेछ ।

## परिच्छेद-३

## विविध

११. **एम्बुलेन्समा रहने औषधि र उपकरण** : एम्बुलेन्समा रहने न्यूनतम औषधि र उपकरणको विवरण अनुसूची-४ बमोजिम हुनेछ।

१२. **सेवाग्राहीले भर्नुपर्ने फारम** : एम्बुलेन्स सेवाका लागि सेवाग्राहीले भर्नुपर्ने फारम अनुसूची-५ बमोजिम हुनेछ।

१३. **विवादको समाधान**: यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै विवाद उत्पन्न भएमा कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

१४. **दण्ड जरिवाना तथा कारबाही हुने** : यस कार्यविधि बमोजिमको आचरण पालना नगर्ने पदाधिकारी, कर्मचारी, चालक तथा एम्बुलेन्स जनशक्तिलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

१५. **प्रचलित कानुन बमोजिम हुने**: (१) यस कार्यविधिमा उल्लेख नभएका विषय प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यस कार्यविधिको व्यवस्था अन्य नेपाल कानुनसँग बाझिएमा त्यस्तो बाझिएको हदसम्म प्रचलित नेपाल कानुनमा भएको व्यवस्था लागू हुनेछ ।

१६. **बाधा अड्काउ फुकाउने अधिकार** : (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा यस कार्यविधिको उद्देश्य विपरीत नहुने गरी प्रचलित कानून बमोजिम कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

१७. **खारेजी र बचाउ** : (१) "एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०८१" खारेज गरिएको छ।

(२) "एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०८१" बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

१८. **विविध** : (१) यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन र हेरफेर समितिको सिफारिसमा नगर कार्यपालिकाले गर्न सक्नेछ।

# अनुसूची-१

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

## धर्मदेवी नगरपालिका, सङ्खुवासभा

### सेवाग्राहीले बुझाउनुपर्ने सेवा शुल्कको दर

#### क) स्थानीय दर

| क्र.सं. | देखि | सम्म | दर (रु.) |
|---|---|---|---|
| १ | मुढे | याक्खा चोक, माम्लिङ | ७५०/- |
| २ | मुढे | किटिङडाँडा | १,०००/- |
| ३ | मुढे | पिलुवा खोला | १,५००/- |
| ४ | मुढे | आधारभूत विद्यालय, फाक्सि | ९००/- |
| ५ | मुढे | आछाम्बु चोक | १,१००/- |
| ६ | मुढे | बिहिवारे | १,१००/- |
| ७ | मुढे | सिरवानी ८ नं. | १,८००/- |
| ८ | मुढे | गाडेको ढुङ्गा | १,४००/- |
| ९ | मुढे | केवाबेसी जिरो प्वाइन्ट | ३,०००/- |
| १० | मुढे | मझुवा पुरानो विद्यालय | १,०००/- |
| ११ | मुढे | तामाफोक/तुमोक चोक | १,०००/- |
| १२ | मुढे | तामाफोक/इन्द्रकाली आ.वि. | १,३००/- |
| १३ | मुढे | तेल्लोक आ.स्वा.के. | १,४००/- |
| १४ | मुढे | महभिर कालिका आ.वि. | १,८००/- |
| १५ | मुढे | मदामसिंह विद्यालय | २,१००/- |
| १६ | मुढे | भुसुने | २,३००/- |
| १७ | मुढे | मुलगाउँ आ.स्वा.के. | १,८००/- |

#### ख) बाह्य दर

| क्र.सं. | देखि | सम्म | दर (रु.) |
|---|---|---|---|
| १ | मुढे | चैनपुर | ३,५००/- |
| २ | मुढे | खराङ | ३,७००/- |
| ३ | मुढे | तुम्लिङटार | ६,०००/- |
| ४ | मुढे | खाँदबारी | ७,०००/- |
| ५ | मुढे | बसन्तपुर | १,०००/- |
| ६ | मुढे | हिले | ३,२००/- |
| ७ | मुढे | धनकुटा | ३,५००/- |
| ८ | मुढे | धरान | ९,५००/- |
| ९ | मुढे | इटहरी | १०,०००/- |
| १० | मुढे | विराटनगर | १२,०००/- |
| ११ | मुढे | काठमाडौं सिन्धुलीको बाटो | ३२,०००/- |
| १२ | मुढे | चितवन | २९,०००/- |
| १३ | मुढे | दमक | १३,०००/- |
| १४ | मुढे | बिर्तामोड | १५,०००/- |

धर्मदेवी नगरपालिका सङ्खुवासभा

## अनुसूची-२

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

**धर्मदेवी नगरपालिका, सङ्खुवासभा**

<u>एम्बुलेन्स चालक तथा एम्बुलेन्स जनशक्तिले पालना गर्नुपर्ने आचारसंहिता</u>

१. यो कार्यविधि, एम्बुलेन्स सञ्चालन निर्देशिका, २०७७ तथा प्रचलित कानुन, मापदण्ड र सम्बन्धित निकायबाट जारी निर्देशनहरू पूर्ण रूपमा पालना गर्नुपर्नेछ।

२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा इमान्दारिता, अनुशासन र विश्वसनीयता कायम राख्दै पेशाको मान– मर्यादामा आँच पुग्ने कुनै पनि कार्य गर्न नहुने।

३. मादक पदार्थ वा लागू औषध सेवन गरी एम्बुलेन्स सञ्चालन वा सेवामा संलग्न हुन नहुने।

४. बिरामीको ओसारपोसार तथा उपचारका क्रममा बिरामी र उनका आफन्त प्रति सधैं सम्मानजनक, सभ्य र सहानुभूतिपूर्ण व्यवहार गर्दै गुणस्तरीय सेवा प्रदान गर्नुपर्ने।

५. सेवा प्रवाहका क्रममा लिएका निर्णय र गरेका कार्य प्रति व्यक्तिगत रूपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने।

६. आफ्नो पेशागत ज्ञान, सीप र दक्षता निरन्तर अभिवृद्धि गर्दै लैजानुपर्ने तथा आवश्यक परेको अवस्थामा सहकर्मीलाई पनि सहयोग गर्नुपर्ने।

७. बिरामीलाई ओसारपोसार गर्नु अघि बिरामीको अवस्था, गन्तव्य र आवश्यक सेवा सम्बन्धी पर्याप्त जानकारी लिएर आवश्यक सहयोग गर्नुपर्ने।

८. बिरामीलाई कुनै पनि अवस्थामा बीच बाटोमा छाड्न नहुने, सुरक्षित रूपमा गन्तव्य सम्म पुऱ्याउने दायित्व निर्वाह गर्नुपर्ने।

९. सेवा प्रवाहको क्रममा प्राप्त भएका बिरामी सम्बन्धी व्यक्तिगत, स्वास्थ्य तथा अन्य सूचनाहरू गोप्य राख्नुपर्नेछ। कानुनी दायित्व वा बिरामीको उपचारका लागि आवश्यक परेमा मात्र सम्बन्धित आधिकारिक निकाय वा स्वास्थ्यकर्मीलाई जानकारी दिन सकिनेछ।

१०. अस्पताल पूर्व सेवा (Pre-hospital care) प्रभावकारी बनाउन सहयोग गर्ने तथा एम्बुलेन्स सेवा व्यवस्थापनसँग सम्बन्धित अध्ययन, अनुसन्धान र अभिलेख व्यवस्थापनमा आवश्यक सहयोग पुऱ्याउनुपर्ने।

११. सेवाको गुणस्तरमा सकारात्मक प्रभाव पार्ने सुधारका पक्षहरू देखिएमा आफ्नो सुपरिवेक्षक तथा नगरपालिकालाई सुझाव तथा जानकारी गराउनुपर्ने।

१२. नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारले प्रतिबन्ध लगाएका कुनै पनि वस्तु, सामग्री वा गैरकानुनी सामान ओसारपोसार गर्न नहुने तथा प्रचलित कानुनको पूर्ण पालना गर्नुपर्ने।

१३. एम्बुलेन्स सञ्चालन भएको अवधि, यात्रा विवरण, खपत भएको इन्धन, लिइएको सेवा शुल्क लगायतका विवरणको दैनिक अभिलेख राख्नुपर्ने तथा तोकिएको अवधिमा सम्बन्धित निकायमा राजस्व दाखिला गर्नुपर्ने ।

१४. बिरामीले उपचार गर्न चाहेको अस्पताल वा स्वास्थ्य संस्थामा सुरक्षित रूपमा पुऱ्याउने दायित्व चालक तथा एम्बुलेन्स जनशक्तिको हुनेछ।

१५. एम्बुलेन्स सञ्चालनको दैनिक विवरण सम्बन्धित नगरपालिकालाई नियमित रूपमा जानकारी गराउनुपर्ने।

१६. आकस्मिक अवस्थामा छिटो, सजग र जिम्मेवार ढङ्गले सेवा प्रदान गर्दै बिरामीको जीवनरक्षालाई सर्वोच्च प्राथमिकतामा राख्नुपर्ने।

१७. एम्बुलेन्समा रहेका उपकरण, औषधि तथा अन्य सामग्रीहरूको सुरक्षित प्रयोग र संरक्षण गर्नुपर्ने तथा बिग्रिएको वा अभाव भएको जानकारी तुरुन्त सम्बन्धित निकायलाई गराउनुपर्ने।

<u>प्रतिबद्धता</u>

म … … … … … … … … … … … … … … (नाम)
ठेगाना … … … … … … … … … … … … … …
ना.प्र.प. नं. … … … … … … … … … जिल्ला … … … … … … … … …
चालक भएमा सवारी चालक परिचयपत्र नं. … … … … … … … …

ले माथि उल्लिखित आचारसंहिता अध्ययन गरेको छु। एम्बुलेन्स सेवा (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२ तथा यस आचारसंहितालाई पूर्ण रूपमा पालना गर्ने प्रतिबद्धता जनाउँदै सहीछाप गरेको छु।

चालक/एम्बुलेन्स जनशक्तिको नामः … … … … … … … …
दस्तखतः
मितिः २०… …/… …/… …

रोहवरमा प्रमाणित गर्ने व्यक्तिको नामः … … … … … … … …
दस्तखतः
मितिः २०… …/… …/… …

कार्यालयको छापः

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

## अनुसूची-३

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

**धर्मदेवी नगरपालिका, सङ्खुवासभा**

**एम्बुलेन्स सञ्चालन अभिलेख**

| क्र.सं. | मिति देखि – सम्म | विरामीको नाम | सेवा दिइएको समय | | स्थानको विवरण | | कि.मि. | सेवा शुल्क (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ...... बजे देखि | ...... बजे सम्म | ...... देखि | ...... सम्म | | | |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |

**पेश गर्नेको**

नामः

पदः-

दस्तखतः

मितिः

**प्रमाणित गर्नेको**

नामः

पदः

दस्तखतः

मितिः

(चालक/एम्बुलेन्स जनशक्तिले मासिक रुपमा उल्लिखित विवरण नगरपालिकाको स्वास्थ्य शाखामा पेश गर्नुपर्नेछ ।)

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

## अनुसूची-४

(दफा ११ सँग सम्बन्धित)

## धर्मदेवी नगरपालिका, सङ्खुवासभा

**(Common List Support) (CLS) एम्बुलेन्समा हुनुपर्ने औषधि र उपकरणको विवरण**

१.'ख' वर्गको (**Basic Life Support (BLS)** ) एम्बुलेन्समा हुनुपर्ने औषधि, उपकरण र जनशक्तिको विवरण

- All Emergency equipments
  - Stethoscope
  - B. P. Apparatus
  - Torchlight
  - Tongue depressor
- IV drips
- Cannulas and syringes
- ECG monitor with oxygen monitor
- Intubation set
- Various Intubation tubes and laryngeal tubes
- Ambu bag
- Nebulizer set
- Manual suction set
- Cervical collars
- CPR board
- Oxygen supply
- OB kit
- Splints
- Catheterizations sets

Other

- Washing equipment
- Wheel chair and trolley
- Radio communication
- Tablet with 4 G connectivity

Staff

- Ambulance driver with first aid trainings
- EMT

२.'ग' वर्गको (**Common Life Support (CLS)** ) एम्बुलेन्समा हुनुपर्ने औषधि र उपकरणको विवरणः-

- First Aid का सामानहरू
- Oxygen Cylinder, Flow Meter रMask जडित वा जरुरी परेमा राख्न सकिने सवारी साधन
- IV Injection दिन सक्ने व्यवस्था
- Stretcher Cum Bed
- Stethoscope, B.P. Apparatus, Torchlight
- Driver with basic training in first aid and emergent medicine

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

अनुसूची-५

(दफा १२ सँग सम्बन्धित)

**धर्मदेवी नगरपालिका, सङ्खुवासभा**

**<u>एम्बुलेन्स सेवाका लागि सेवाग्राहीले भर्नुपर्ने फारम</u>**

क. विरामीको विवरण

| क्र.सं. | विवरण | विस्तृत |
|---|---|---|
| १ | विरामीको नाम | |
| २ | ठेगाना | |
| ३ | उमेर | |
| ४ | लिङ्ग | |
| ५ | देखि ......... | |
| ६ | सम्म ......... | |
| ७ | लाग्ने शुल्क अङ्कमा | |
| ८ | लाग्ने शुल्क अक्षरमा | |
| ९ | रसिद नं. | |

ख. संरक्षकको विवरणः

| क्र.सं. | विवरण | विस्तृत |
|---|---|---|
| १ | संरक्षकको नाम | |
| २ | ठेगाना | |
| ३ | उमेर | |
| ४ | लिङ्ग | |
| ५ | विरामीसँगको सम्बन्ध | |

आवेदकको दस्तखतः-

मितिः २०... .../... .../... ...

आज्ञाले

प्रकाश गुरुङ्ग

प्रमुख प्रशासकीय अधिकृत

धर्मदेवी नगरपालिका, सङ्खुवासभा

धर्मदेवी नगरपालिका, सङ्खुवासभा